

जेन-जी आन्दोलन पश्चात् क्षति विवरणको मुचुल्का गर्दै



जेन-जी आन्दोलन पश्चात् कार्यालय सरसफाई तथा हलबाट सेवा प्रवाह गर्दै



पशु सेवा विभागका महानिर्देशकज्यूले प्रत्यक्ष रुपमा केन्द्र परिसर स्थलगत निरिक्षण गरी कार्यालय संचालन तथा व्यवस्थापन सम्बन्धमा मार्गनिर्देशन दिँदै



जेन-जी आन्दोलन पश्चात् क्षतिको अवलोकन गर्दै काठमाडौं महानगरपालिकाको टोली


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
**केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र**
केन्द्रीय मत्स्य भवन बालाजु, काठमाडौं ।
ईमेल: dofnep@gmail.com वेवसाइट: www.cfpcc.gov.np







केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र


# त्रैमासिक मत्स्य बुलेटिन

( जेन-जी आन्दोलन विशेष )


**सल्लाहकार**
डा. सुलोचना श्रेष्ठ
**प्रधान सम्पादक**
सरिता गौतम
**सम्पादक**
सुमित्रा लौडारी
**सम्पादक मण्डल सदस्यहरु:**
शोभा ढकाल
लक्ष्मी कार्की
करण सिं थिङ्ग
सुरेश कुमार खड्का



**प्रकाशक:**
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
केन्द्रीय मत्स्य भवन, बालाजु, काठमाण्डौं ।
ईमेल: dofnep@gmail.com


## यस अंकमा


- प्रयोगशालामा मत्स्य दाना नमुना परिक्षणमा प्रभाव
  मत्स्य दाना प्रयोगशालामा प्रयोग हुने उपकरणहरुको क्षति विवरण
- पानी गुणस्तर परिक्षणमा प्रभाव
  पानी गुणस्तर परिक्षणमा प्रयोग भएका उपकरणहरुको क्षति विवरण
- मत्स्य वीज वितरणमा प्रभाव
- मत्स्य नमुना संग्रहालयमा परेको असर
- एक्वारियम तर्फ (सौन्दर्य माछा उत्पादन)मा परेको असर
- प्राविधिक पुस्तिका वितरणमा प्रभाव
- केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको क्षति (सम्पूर्ण)
- जेन–जी आन्दोलनको क्रममा भएको आगजनी एवं तोडफोडका तस्वीरहरु


## दुई शब्द



नेपालको भौगोलिक विविधता अनुसार तराईको न्यानो पानीमा कार्प, पंगास र टिलापीया माछापालन तथा हिमाल र पहाडको चीसो पानीमा रेन्बोट्राउट माछापालन गरिन्छ भने नदी, ताल जस्ता प्राकृतिक जालशयबाट असला, सहर, कत्ले लगायतका स्थानीय नेपाली माछा समात्ने प्रचलन रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक जलाशयमा माछा समातेर २१००० मे. टन र मत्स्यपालनबाट १,०२,४०३ मे. टन गरी कुल १,२३,४०३ मेट्रिक टन माछा उत्पादन भएको थियो जसले कुल कृषि गार्हस्थ उत्पादनमा १.५ प्रतिशत योगदान पुऱ्याएको छ। नेपालको भौगोलिक अवस्थिति र हावापनीमा उपयुक्त मत्स्यपालन प्रविधिको विकास, विस्तार र प्रवर्द्धनले राष्ट्रिय अर्थतन्त्रमा योगदान सगै रोजगारी श्रृजना, खाद्य तथा पोषाण सुरक्षा र समावेशीकरणमा पनि महत्वपूर्ण योगदान गरेको छ।

मत्स्य क्षेत्रको अवसर, चुनौती, सम्भावना, विकसित नया प्रविधि र यो क्षेत्र विकासमा भएका प्रवर्द्धनात्मक तथा संरक्षण सम्वन्धीका कार्यहरु समावेश गरेर नीतिनिर्माता, प्राविधिक, कृषक तथा यस क्षेत्रका सरोकारवालाहरुलाई उपयोगी हुने सामाग्रीको रुपमा हामीले श्रृङखलावद्ध रुपमा त्रैमासिक मत्स्य बुलेटिन प्रकाशन गर्दै आएकोमा बुलेटिनको यस अंकमा हामीले मिति २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा वि. स. २०८२ भदौ २४ मा यस केन्द्र परिसरमा आगजनी र तोँडफोड हुदा भएको क्षतिको विवरण मात्र समावेश गरेर आन्दोलनको क्षति सम्वन्धी विशेष अंक प्रकाशन गर्ने प्रयास गरेका छौ।

विं. स. २०८२ भदौ २४ गतेको आन्दोलनको क्रममा यस केन्द्रको स्वामित्वमा रहेका २ वटा गाडी, ११ वटा दुईपाङ्गे सवारी साधन पूर्ण रुपमा जलेर काम नलाग्ने भएका थिए। मत्स्य प्रयोगशाला,मुल कार्यालय भवन, ह्याचरी कम्पेलेक्समा आगजनी र तोडफोड भएको थियो भने अन्य भौतिक सम्पत्ति, प्राविधिक दस्तावेज, लेखा, प्रशासन तथा स्टोरका पुराना अभिलेख तथा दस्तावेजमा आगजनी र तोडफोडले क्षति भएका थियो। मिति २०८२ असोज २ गते जिल्ला प्रहरी परिसर भद्रकालीबाट यस केन्द्रका प्रमुख, पशु सेवा विभागका प्रतिनिधि (उप सचिव) र काठमाडौं महानगरपालिका वडा नं १६ का जनप्रतिनिधिको रोहवरमा उक्त आन्दोलनबाट भएको क्षतिको सम्वन्धमा विस्तृत विवरण (मुचुल्का) तयार गरिएको थियो। मुचुल्का तयार भैसकेपछि यस केन्द्रका सम्पूर्ण कर्मचारी आफैले मिलेर कार्यालय परिसर सरसफाई गरेर तुरुन्त नियमित सेवा संचालन गरेका थियौ।

उक्त कठिन परिस्थितिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान सचिवज्यूहरु, पशु सेवा विभागका महानिर्देशकज्यूले प्रत्यक्ष रुपमा केन्द्र परिसर स्थलगत अवलोकन तथा निरिक्षण गरी कार्यालय संचालन तथा व्यवस्थापन सम्वन्धमा आवश्यक सहजीकरण, मार्गनिर्देशन तथा सहयोग प्रदान गर्नुभएको थियो। त्यो कठिन परिस्थितिमा स्थलगत अवलोकन गरी तथा फोनमार्फत हामीलाई सल्लाह सुझाव दिने, काममा लाग्न उत्प्रेरित गर्ने र सदैव सहयोगको लागि प्रतिवद्धता व्यक्त गर्नुहुने सवैमा केन्द्र परिवार हार्दिक आभार प्रकट गर्दछ र त्यो कठिन परिस्थितिमा पनि विचलित नभई आफ्नो कार्यालय परिसर सरसफाई र जिम्मेवारीका साथ नियमित सेवा प्रवाहमा खटिनुहुने यस केन्द्रका सम्पूर्ण कर्मचारी प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु। अन्त्यमा, चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि मत्स्य क्षेत्रको दिगो विकास, संरक्षण तथा प्रवर्द्धनप्रति पूर्णरूपमा प्रतिबद्ध रही राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत मत्स्य क्षेत्रलाई समग्र कृषि विकासको एक महत्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित गर्दै देश र किसानको सेवामा निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछु।

सरिता गौतम
प्रमुख

## भदौ २४ गते जेन-जी आन्दोलनको क्रममा केन्द्रीय मत्स्य भवन, बालाजुमा भएको क्षतिको विवरण

### प्रयोगशालामा मत्स्य दाना नमुना परिक्षणमा प्रभाव



मत्स्य पालनको लागि आवश्यक पर्ने विभिन्न कार्यहरु मध्ये सबै भन्दा बढी लागत दाना व्यवस्थापनमा जाने गर्दछ। मत्स्य उत्पादन लागत कम गराउन गुणस्तरीय मत्स्य दानाको भूमिका महत्वपूर्ण हुने गर्दछ। मत्स्य दानाको उत्पादन तथा गुणस्तरयुक्त दाना कृषकले प्रयोग गर्न पाउन भन्ने उद्देश्यले यस केन्द्रले विभिन्न क्षेत्रबाट मत्स्य दाना संकलन गरी परिक्षण गर्ने गरेको छ। आ.व. २०८१/८२ मा १३७ वटा व्यवसायिक मत्स्य दाना, ४ वटा कृषक आफैंले तयार गरेको गरी ९९ वटा दाना नमुना संकलन गरी परिक्षण गरिएको थियो। सोही अनुसार दाना उद्योगी तथा कृषकलाई दानाको बारेमा पृष्ठपोषण उपलब्ध गराउने गरिएको थियो। जेन-जी आन्दोलनको क्रममा यस केन्द्रको प्रयोगशालामा रहेको दाना परिक्षण गर्ने उपकरण तथा रसायनहरुमा क्षति भएकोले उक्त कार्यहरु गर्नमा कठिनाई हुँदा माछाको दानाको गुणस्तर मापनमा थप समस्या भई माछाको उत्पादकत्वमा असर पर्ने देखिन्छ।

**मत्स्य दाना प्रयोगशालामा प्रयोग हुने उपकरणहरुको क्षति विवरण निम्न रहेको छ ।**

| | | |
|---|---|---|
| १.ईन्कुवेटर-२ थान | २.अटो क्लेभ मेसिन-२ थान | ३.डिस्टिलेसन प्लान्ट-३ थान |
| ४.केमिकल ब्यालेन्स-३ थान | ५.लिकुईड नाईट्रोजन कन्टेनर-१ थान | ६.स्पेक्टोफोटो मिटर-१ थान |
| ७.टिसु कल्चर रोटेटर-१ थान | ८.ईलोक्ट्रोनिक ब्यालेन्स- ३ थान | ९.कम्प्रेशन -१ थान |
| १०.ईलेक्ट्रिक मफल फर्नेन्स- १थान | ११.एक्स्ट्रासन मेसिन - १ थान | |

### पानी गुणस्तर परिक्षणमा प्रभाव

मत्स्यपालनको महत्वपूर्ण स्रोत पानीको गुणस्तर रहेको छ। बेला बेलामा पानीको गुणस्तर के-कस्तो रहेको छ परिक्षण समेत गर्नु पर्ने हुन्छ। नभए माछा उत्पादनमा प्रत्यक्ष असर पर्ने गर्दछ। केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रमा रहेका पोखरीहरुको पानीको गुणस्तर परिक्षण गरी देखा परेका समस्याहरु समाधान गरी माछाका भुरा उत्पादन गरी उपत्यका नजिकका मत्स्य कृषकलाई माछाको गुणस्तरीय भुरा उपलब्ध गराउदै आएको थियो। यसका साथै बेला-बेला मा यस केन्द्रले गर्ने मत्स्य स्वास्थ्य शिविरमा मत्स्य कृषकको पोखरीको पानीको परिक्षण गरी पानीको गुणस्तर बारे मत्स्य कृषकलाई फिल्डमै जानकारी प्रदान गर्दै आएको थियो। जेन-जी आन्दोलन क्रममा यस केन्द्रको प्रयोगशालामा रहेको पानीको गुणस्तर जाँच गर्ने औजार तथा उपकरणहरु, मेसिनहरु औषधी तथा रसायन क्षति भएकाले उक्त कार्यहरु गर्नमा कठिनाई भएको छ।

**पानी गुणस्तर परिक्षणमा प्रयोग भएका उपकरणहरुको क्षति विवरण निम्न रहेको छ।**



| | | |
|---|---|---|
| १. पि.एच मिटर- ५थान | २. डि.ओ. मिटर- ४ थान | ३. वाटर टेस्ट कीट- २ थान |
| ४. मल्टीमिटर- ५ थान | ५. टिडिस मिटर -१ थान | |

### मत्स्य वीज वितरणमा प्रभाव

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले कार्प जातका (कमन, ग्रास, सिल्भर, विगहेड, रहु, नैनी) र रङ्गीन जातका कोई कार्प, कमेट कार्प र गप्पी माछाको भुरा कृषक, व्यापारी तथा रङ्गीन माछाको व्यक्तिगत रुपमा सोखिन भएकालाई वितरण गर्दै आएको थियो। जेन-जी आन्दोलनको क्रममा यस केन्द्रको भण्डारण कक्षमा रहेको माछाको दाना, प्रोबायोटीक तथा रसायनिक मल समेत नष्ट भएकोले विगतका वर्षहरुमा झैं यस वर्ष मत्स्य वीजको वितरणमा समस्या आएको थियो र अहिले विस्तारै अवस्था सहज बन्दै विक्री वितरण कार्य सुचारु भइरहेको छ।







क्षति भएका चार पाङ्गे सवारी साधनहरु



क्षति भएका दुई पाङ्गे सवारी साधनहरु



जेन-जी आन्दोलनको क्रममा मुल कार्यालय भवन र प्रयोगशाला भवनमा आगजनी भइरहेको अवस्था





प्रयोगशाला भवनमा रहेका विभिन्न कोठा जलेर पूर्ण रुपमा नष्ट भएको






मूल कार्यालय भवनमा विभिन्न कोठामा भएको तोडफोड



## मत्स्य नमुना संग्रहालयमा परेको असर




केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रमा रहेको मत्स्य नमुना सङ्ग्राहलयमा १५० माछाको जातहरु संकलन गरी विभिन्न Preservation Jar मा संरक्षण गरी राखिएको थियो। उक्त सङ्ग्राहलय हेर्न विद्यार्थी र विभिन्न सरोकारवालाहरु गरी वार्षिक ५०० भन्दा बढीले अवलोकन गर्ने गरेका थिए। जेन-जी आन्दोलनको क्रममा यस केन्द्रको मत्स्य नमुना संग्राहलय पूर्ण रुपमा क्षति भएकाले संग्राहलयमा राखिएका माछाका अधिकांश प्रजाति तथा त्यहाँ राखिएका टेवल Preservation Jar तथा अन्य सामाग्री समेत पूर्ण रुपमा हुदाँ विद्यार्थी र अन्य सरोकारवालहरुले नेपालमा भएका स्थानीय माछाको विस्तृत विवरण जानकारी प्राप्त गर्न कठीन भएको छ।

## एक्वारियम तर्फ (सौन्दर्य माछा उत्पादन)मा परेको असर




केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रमा रहेको एक्वारियम कक्षमा रहेका ३० वटा अक्वारिएम तथा त्यसमा विभिन्न जातका माछाहरु राखिएको थियो। उक्त एक्वारियम कक्ष हेर्न विद्यार्थी र विभिन्न सरोकारवालाहरु गरी वार्षिक ७०० भन्दा बढीले अवलोकन गर्ने गरेका थिए। जेन-जी आन्दोलन क्रममा यस केन्द्रको एक्वारियम कक्षमा क्षति भएकाले अक्वारियम कक्षमा राखिएका माछाका प्रजाति (सौन्दर्य माछाहरु) तथा एक्वारियम लगायत अन्य साम्रागी समेत नष्ट भएको छ।



## प्राविधिक पुस्तिका वितरणमा भएको प्रभाव

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले विभिन्न सरोकारवालाहरु र कृषकलाई आवश्यक मत्स्यसंग सम्बन्धित विभिन्न प्राविधिक पुस्तिका, लिफलेट, बुकलेट प्रकाशन गरी वितरण गर्दै आएको थियो। गत वर्ष ४०० भन्दा बढी विद्यार्थी तथा सरोकारवालाहरुले यस केन्द्रबाट विभिन्न प्राविधिक प्रकाशनका सामाग्रीहरु लिएर लाभ लिएका थिए। जेन-जी आन्दोलनको क्रममा यस केन्द्रले प्रकाशन गरेको उक्त प्राविधिक प्रकाशनका सामाग्रीहरु नष्ट हुँदा विद्यार्थी, कृषकहरु तथा सरोकारवालाहरु प्रभावित भएका छन्।

**नष्ट भएका प्रकाशनका सामाग्रीहरुको विवरण यस प्रकार रहेको छ।**

-त्रैमासिक मत्स्य बुलेटिन
-वार्षिक पुस्तिका
-मत्स्य श्रृखला
-कार्प सम्बन्धी लिफलेटहरु
-रेन्बो ट्राउट सम्बन्धी लिफलेटहरु
-ह्याचरी तथा नर्सरी सम्बन्धी तथ्याङ्क पुस्तिका
-अन्य कार्यालयबाट प्राप्त किताव तथा प्रकाशन सामाग्रीहरु

## केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको क्षति (सम्पूर्ण)

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको प्रयोगशाला भवन र प्रशासनिक भवन दुवैमा जेन-जी आन्दोलनका क्रममा क्षति भएको छ। केन्द्र परिसरमा केन्द्रका आफ्ना २ वटा र पार्किङ्ग गरी राखिएका अन्य कार्यालयका ११ वटा गरी १३ वटा ४ पाङ्गे सवारीसाधन जलेर पूर्ण रुपमा नष्ट भएको थियो भने केन्द्रका आफ्ना १७ वटा र पार्किङ्ग गरी राखिएका अन्य कार्यालयका ९ वटा २ पाङ्गे (मोटरसाईकल तथा स्कुटर) गरी २८ वटा र केन्द्रका ६ वटा २ पाङ्गेमा आंशिक क्षति भएको थियो। त्यसै गरी कुर्सी, टेवल, कम्प्युटर तथा अन्य सामाग्रीमा समेत क्षति पुगेको थियो। उक्त क्षतिबाट कार्यालयको सेवा प्रवाहमा प्रभावित भएकोमा हाल आएर प्रयोगशालाको सेवा बाहेक अन्य सेवाहरु क्रमिक रुपमा संचालन भईरहेका छन्।

**केन्द्रमा जेन-जी आन्दोलनका क्रममा भएको क्षतिको मुख्य विवरण यस प्रकार रहेको छ।**

-केन्द्रको प्रयोगशाला भवन र प्रशासनिक भवन दुवैको अधिकांश झ्याल - ढोका तोडफोड
-मत्स्य प्रयोगशाला भवनको सभा हल, एक्वारियम कक्ष, म्यूजियम कक्ष आगजानी र तोडफोड
-केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको प्रशासनिक भवनको तीन वटा कोठा पूर्ण रुपमा आगजनी
-केन्द्रमा रहेको मत्स्य ह्याचरीमा तोडफोड र आगजनी
-ल्यापटप र कम्प्युटर सेट गरी - ५० सेट
-मनिटर - ४ थान
-फोटोकपी मेसिन-४ थान र प्रिन्टर ३० थान
-CCTV - ३४ थान
-A/C - ७ थान
-ट्याग स्कानर मेसिन - ३ थान
-फ्रिज - ५ थान
-टेवल - ५४ थान
-कुर्सी - २१५ थान
-सोफा सेट - १७ थान
-र्याक तथा दराज, क्याविनेट गरी - ५३ थान
-हिटर - २७ थान



श्रावण-असोज २०८२ वर्ष ३ अंक १

## जेन–जी आन्दोलनको क्रममा भएको आगजनी एवं तोडफोड र त्यस पश्चातका तस्वीरहरु



ह्याचरी कक्ष




सेमिनार हल (प्रयोगशाला भवन)



प्रयोगशाला भवन





मुल भवनको ३ वटा कोठा जलेर पूर्ण रुपमा क्षति भएको